संघीय संसद सचिवालय

हलुका सवारी चालक शरणकुमार गुरुङलाई स्पष्टीकरण पेश गर्नेसम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१ फागुन २८ गते)

यस सचिवालयको हलुका सवारी चालक (पाँचौ)मा रहनु भएका बागविर गुरुङ को नाति नन्दलाल गुरुङ को छोरा तपाईं शरणकुमार गुरुङ (क.सं.नं. १३८७०३)ले विगत बाह्रवर्ष भन्दा बढी समयदेखि सवारी चलाउन ईन्कार गर्नु भएको देखिएको, बिगत वर्षहरुमा पटक पटक गयल कट्टीमा पर्नुभएको, चेतावनी पाउनु भएको, कार्यालयमा उपस्थित भएको अवस्थामा पनि आफ्नो कार्यसम्पादन नगरी जिम्मेवारीको बराबर बेवास्ता गर्नुभएको, पछिल्लो समय २०८१ साल मंसिर १३ गतेदेखि हालसम्म कार्यालयमा कुनै जानकारी नदिई विदा स्वीकृत नगराई लगातार अनुपस्थित रहनु भै कर्मचारीले पालना गर्नु पर्ने आचरण (समय पालना र नियमितता, अनुशासन र आज्ञापालन लगायतका अन्य आचरण) बराबर उल्लङ्घन गर्नु भएकोले यस सम्बन्धी स्पष्टीकरण पत्र तपाईंलाई बुझाउन पटक-पटक फोन सम्पर्क गर्दा सम्पर्कमा आउन नचाहेको हुँदा सो पत्र तपाईंले यस सचिवालयमा उपलब्ध गराउनु भएको स्थायी ठेगाना साविक शनिश्चरे गा.वि.स. वडा नं. १, सातपन्ने टोल, झापा (हाल अर्जुनधारा नगरपालिका) र अर्को ठेगाना साविक सीतापाइला गा.वि.स. वडा नं. ३, काठमाडौँ (हाल नागार्जुन नगरपालिका)मा हुलाकमार्फत पठाउँदा पत्र फिर्ता भै आएकोले यस सम्बन्धमा के कसो भएको हो? यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सात दिनभित्र स्पष्टीकरण पेश गर्न सूचित गरिन्छ। उक्त समयभित्र स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा कानुन बमोजिम हुने ब्यहोरा समेत जानकारी गराइन्छ।